टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-३, संख्या-७ मिति २०८१/९/७

## भाग -२

## टीकापुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

## सूचना

### टीकापुर नगरपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन)नियमावली २०८१,

टीकापुर नगरपालिकाको देहाय बमोजिमको सार्वजनिक खरिद नियमावली, २०७६, लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ख.ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : यो नियमावलीको नाम टीकापुर नगरपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली,२०८१ रहेको छ ।

CamScanner

२. **दफा ५६ को उपदफा (१) मा संशोसन : टीकापुर नगरपालिकाको** सार्वजनिक खरिद नियमावली, २०७६ को दफा ५६ को उपदफा (१) को खण्ड (घ) भन्दा पछि खण्ड (ङ) थपिएको छ ।

ङ. आन्तरिक आय सम्बन्धी ठेक्काको बीसलाख रुपैयाँसम्मको लागि एक हजार रुपैयाँ ।

३. **दफा १३८ को उपदफा (१) मा संसोधन : टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६को दफा १३८ को उपदफा (१) मा** "प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।" **भन्ने वाक्यांसको सट्टा** "प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा वहालमा कोठा दिने गरि निर्माण भएका सपिङ्ग कम्प्लेक्स वा अन्य भवनका कोठा, टीकापुर बंगलापार्क भित्रको फलफूल बगैंचा र घण्टाघरको हकमा कार्यपालिकाको निर्णयानुसार बढीमा सात वर्षसम्म र अन्य ठेक्काको हकमा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ । एकैपटक तीन वर्षभन्दा बढी अवधिको लागि ठेक्का बन्दोबस्त गर्दा २/२ वर्षपछी दश प्रतिशतका दरले शुरु ठेक्का रकममा स्वत: वृद्धि हुने गरि ठेक्का सम्झौता गर्नुपर्नेछ ।" भन्ने वाक्यांस **राखिएको छ ।**

४. **दफा १३८ को उपदफा (५) मा संशोधन : टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को दफा १३८ को उपदफा (५) मा** "उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफुले कबुल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्कमा जमानत बापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैंङ्कले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर, यस नियम बमोजिम बढाबढ गर्दा कबोल अङ्क तोकिए बमोजिमको न्यूनतम अङ्कभन्दा घटी हुन आएमा राजश्व परामर्श समितिको सिफारिसमा नयाँ न्यूनतम अङ्क कायम गरी पून: यस नियमावली अनुसारको प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ ।" **भन्ने वाक्यांसको सट्टा** "उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफुले कबुल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्मा जमानत बापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैंङ्कले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

CS CamScanner

तर, यस नियम बमोजिम बढाबढ गर्दा कबोल अङ्क तोकिए बमोजिमको न्यूनतम अङ्कभन्दा घटी हुन आएमा वा कसैले पनि बढाबढ प्रक्रियामा भाग नलिएमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाबाट नयाँ न्यूनतम अङ्क कायम गरी पूनः बढीमा एक पटकसम्म यस नियमावली अनुसारको प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ । यसरी कायम भएको न्यूनतम अङ्को आधारमा समेत ठेक्का बन्दोबस्त हुन नसकेमा नगर सभाले औचित्यता खुलाई उचित न्यूनतम अङ्क कायम गर्न सक्नेछ ।" **भन्ने वाक्यांस राखिएको छ ।**

**आज्ञाले,**
नाम :- दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिकाको कार्यालय

स्थानीय राजपत्र

CamScanner